# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय, बल्खु, काठमाडौं ।

मिति: २०८०/१०/०१

**दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) तहमा अध्ययनका लागि आवेदन खुल्ला गरिएको सूचना**

त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२३(२०८०/०८१) का लागि डीन कार्यालयले तोकेका तपसिलका विषयहरूमा दर्शनाचार्य-विद्यावारिधि (M Phil–PhD) तहमा भर्ना भई अध्ययन गर्न चाहने विद्यार्थीहरूका निमित्त प्रवेश परीक्षाका लागि अनलाइन आवेदन फाराम खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**द्रष्टव्य :**

- दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत आवेदकहरूद्वारा Google मा entrance.tufohss.edu.np टाइप गरी New Student Registration बाट आफूले भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/कार्यक्रमहरूका निमित्त अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

**(१) दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रममा भर्ना सम्बन्धमा :**

**१.१ दर्शनाचार्य-विद्यावारिधि कार्यक्रमका निमित्त निम्न लिखित विषयमा आवेदन माग गरिएको छ :**

| | |
|---|---|
| 1. Anthropology<br>2. Buddhist Studies<br>3. Nepalese History Culture & Archeology (NeHCA)<br>4. Economics<br>5. English<br>6. Fine Arts<br>7. Geography<br>8. Hindi<br>9. History<br>10. Home Science<br>11. Linguistics<br>12. Journalism & Mass Communication | 13. Nepalbhasha<br>14. Nepali<br>15. Political Science<br>16. Population Studies<br>17. Psychology<br>18. Rural Development<br>19. Sociology<br>20. Conflict Peace and Development Studies (CPDS)<br>21. Gender Studies<br>22. International Relations & Diplomacy (IRD)<br>23. Social Work |

**१.२ योग्यता :**

(क) त्रि.वि. वा त्यसबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको परीक्षा कम्तीमा CGPA 3.0 वा द्वितीय श्रेणी प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) आवेदन फारामसँग प्रवेशिकादेखि स्नातकोत्तर तहसम्मको लब्धाङ्कपत्र, प्रमाणपत्र, ट्रान्सक्रिप्ट तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

(ग) अन्य विश्वविद्यालयबाट उल्लिखित तह उत्तीर्ण गरेका आवेदकहरूले समकक्षता (Equivalence) र स्थानान्तरणको प्रमाणपत्र प्रस्तुत गर्नु पर्ने छ ।

CamScanner

(घ) आवेदकले स्नातकोत्तर तहमा अध्ययन गरेको विषयभन्दा फरक विषयमा आवेदन दिन चाहेमा सम्बन्धित केन्द्रीय विभाग र विभागहरूले तोकेको मापदण्ड अनुसार डीन कार्यालयले तोकेको विषयमा मात्र आवेदन दिन पाइने छ । आवेदन दिएको विषय पछि परिवर्तन गर्न पाइने छैन ।

**१.३ आवेदन प्रक्रिया र मिति :**

(क) आवेदन फाराम भर्ने समयावधि : मिति २०८० साल माघ ०१ गतेदेखि माघ २१ गते राति १२:०० बजेसम्म ।

(ख) विलम्ब शुल्कमा आवेदन फाराम भर्ने समयावधि : मिति २०८० साल माघ २२ गतेदेखि २४ गते राति १२:०० बजेसम्म ।

(ग) आवेदन दस्तुर रू. ५,०००/- (अक्षरेपी रू. पाँच हजार मात्र ) र विलम्ब शुल्क दोब्बर । आवेदकहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर बुझाउनुपर्ने छ । उल्लिखित योग्यता पुगेका आवेदकले मात्र आवेदन दस्तुर वापतको रकम बुझाउन सिफारिश गरिन्छ । योग्यता नपुगी आवेदकले आवेदन दस्तुर बुझाएको खण्डमा उक्त दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

(घ) दर्शनाचार्य तहको प्रवेश परीक्षा २०८० साल माघ २७ गते शनिबार दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुर परिसरमा सञ्चालन हुने छ ।

(ङ) सम्बन्धित विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेका आवेदन फारामहरू डीन कार्यालयले उपलब्ध गराएको **username** र **password** प्रयोग गरी आवेदन दस्तुर, मिल्दो विषय आदि Verify गर्नु पर्ने छ । सम्वन्धित विभाग/कार्यक्रमहरूबाट Verify भए पश्चात् डीन कार्यालयबाट Approved भइसकेपछि मात्र मिति २०८० साल माघ २५ गतेदेखि परीक्षार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी प्रवेश-पत्र प्राप्त गर्न सक्ने छन् ।

**१.४ प्रवेश परीक्षा सम्बन्धी थप जानकारी :**

(क) दर्शनाचार्य-विद्यावारिधि कार्यक्रममा भर्ना हुनका लागि आवेदकहरूले **डीन कार्यालयले** सञ्चालन गर्ने प्रवेश परीक्षा दिनुपर्ने छ । प्रवेश परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूमध्ये योग्यताक्रममा परेका उम्मेदवारहरूलाई मात्रभर्ना हुनका लागि अनुमति दिइने छ ।

(ख) कुनै विषयमा आवेदन दिने शोधार्थीको सङ्ख्या ५ भन्दा कम भएमा आवेदकले चाहेको अर्को विषयमा (विषय समितिले अनुमति दिएको विषयमा) प्रवेश परीक्षा दिन सक्ने छन् ।

(ग) लिखित प्रवेश परीक्षा २ विषय/क्षेत्रहरूमा केन्द्रित हुने छ : **विषयगत ज्ञान र शोध विधि (पूर्णाङ्क १००)** ।।प्रवेश परीक्षा ३ घण्टाको हुने छ । प्रश्नपत्रको संरचना यस सङ्कायको वेबसाइटमा राखिने छ । लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तरर्वार्तामा सहभागी गराइने छ। लिखित र अन्तर्वार्ताको प्राप्ताङ्क जोडेर उत्तीर्ण उम्मेदवारहरूको योग्यताक्रम प्रकाशित गरिने छ ।

(घ) उल्लिखित विषयहरूमा प्रत्येक विषयको भर्ना सङ्ख्या अधिकतम ३५ जना रहने छ ।

(ङ) अन्तरर्वार्ता सम्बन्धी सूचना लिखित परीक्षाको नतिजा प्रकाशन पछि जानकारी गराइने छ ।

अन्य जानकारीका लागि डीन कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ । भर्ना लगायत अन्य कुराहरूको जानकारी अर्को सूचनाद्वारा अवगत गराइने छ ।

Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur

...........................
प्रा.डा. दुविनन्द ढकाल
सहायक डीन

CamScanner